नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
काठमाडौं
(प्रशासन शाखा)

## जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

काठमाडौं जिल्लामा कोभिड-१९ को संक्रमण बढ्दै गईरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणका लागि मिति २०७७/०६/०१ गते देखिलागू हुने गरी अर्को आदेश नभए सम्मका लागि काठमाडौं जिल्ला भरी स्थानीय प्रशासन ऐन, २०२८ र संक्रामक रोग ऐन, २०२० बमोजिम देहाय बमोजिमका क्रियाकलाप गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**निषेध गरिएका गतिविधिहरु :**

१. काठमाडौं जिल्ला भित्र सञ्चालन हुने सार्वजनिक तथा निजी सवारी साधनहरु नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गराउने गरी जोर/विजोर प्रणाली अन्तर्गत सञ्चालन गर्नुपर्नेछ तर अत्यावश्यक सेवा, कार्यालय आवत जावत र सबै प्रकारका ढुवानीका साधनको हकमा जोर/विजोर प्रणाली लागू हुने छैन ।

२. खुल्ला स्थानमा मानिसहरु भेलाजम्मा हुन, भीडभाड गर्न, सभा, जुलुस, जात्रा, महोत्सव, भोजभतेर आदि गर्न/गराउन,

३. मठ मन्दिर, मस्जिद, चर्च लगायतका परम्परागत धार्मिक तथा साँस्कृतिक स्थलहरूमा दैनिक नित्य पूजा बाहेक भीडभाड जन्य गतिविधिहरु सञ्चालन गर्न/गराउन,

४. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम केन्द्र) सञ्चालन गर्न/गराउन साथै शैक्षिक तथा अन्य परिक्षाहरु सञ्चालन गर्न/गराउन,

५. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, मनोरञ्जन स्थल, स्पा, सैलुन, ब्यूटिपार्लर, स्वीमिङ्ग पुल, जिमखाना, हेल्थ क्लब समूहमा खेलिने खेलकुद र खेल प्रस्तुति, अन्तराष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल, प्रदर्शनी, पुस्तकालय, संग्रहालय, चिडियाखाना जस्ता क्रियाकलाप संचालन गर्न/गराउन ।

५।३१
प्रमुख जिल्ला अधिकारी

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।
फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८
इमेल :daobabarmahal@gmail.com वेवसाइटः daokathmandu.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## काठमाडौँ
(प्रशासन शाखा)

यस आदेशको कार्यान्वयन प्रभावकारी रूपमा गर्न, कोभिड-१९ को संक्रमणको जोखिमबाट आफु बच्न तथा अरूलाई बचाउन देहाय बमोजिम गर्ने :

१. दैनिक क्रियाकलाप सञ्चालन गर्दा मास्कको अनिवार्य प्रयोग गर्ने, नियमित साबुन पानीले हात धुने वा स्यानिटाइजरको उचित प्रयोग गर्ने ।

२. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डहरु अनिवार्य रुपमा पालना गर्ने/गराउने साथै सामाजिक/भौतिक दूरी कायम राख्दै दैनिकी गतिविधि सञ्चालन गर्न सम्पूर्ण महानुभावहरुमा अनुरोध छ ।

३. नियामक निकाय तथा सम्पूर्ण छाता संघ/संगठनहरुले मातहतका निकाय/कार्यालय वा स्थानमा स्वास्थ्य मापदण्ड पालना भए नभएको विषयमा नियमित अनुगमन गर्नु पर्नेछ ।

साथै,

उल्लेखित आदेश विपरितका गतिविधिहरु गरे/गराएको पाइएमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुनेछ ।

मिति: २०७७/०५/३१

२०७७/५/३१

जनकराज दाहाल

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी


कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।
फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८
इमेल :daobabarmahal@gmail.com वेवसाइट: daokathmandu.moha.gov.np